# प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्
## सानोठिमी, भक्तपुर
## स्तर निर्धारण महाशाखाको

# शैक्षिक सत्र २०७६/०७७ को लागि कार्यक्रम नविकरण गर्ने बारेको सूचना

प्रथम पटक प्रकाशित २०७६/०२/२५

यस परिषद्बाट सम्बन्धन/स्वीकृति लिई संचालनमा रहेका स्वास्थ्य कार्यक्रम बाहेकका TSLC तहका कार्यक्रम तथा छोटो अवधिका तालीम कार्यक्रमहरु संचालन गरिरहेका संस्थाहरुले सम्बन्धन/स्वीकृति पाएको मितिले दुई वर्ष पछि प्रत्येक वर्ष कार्यक्रम नविकरण गर्नु पर्ने व्यवस्था भए बमोजिम शैक्षिक शत्र २०७६/०७७ का लागि कार्यक्रम नविकरण गराउन तपशिलमा उल्लेख भएबमोजिमको शर्त अनुसार नविकरण शुल्क, TMIS शुल्क र अन्य आवश्यक कागजातहरु सहित TSLC तहका कार्यक्रमको हकमा मिति २०७६।०३।१७ गते सम्म र छोटो अवधिका तालीम कार्यक्रमको हकमा सुचना प्रकाशित भएको मितिले ३० दिन भित्र नविरकणका लागि निवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नबिकरण गर्न आउंदा अनिवार्य रुपमा पेश गर्नु पर्ने कागजातहरु::-**

(क) कम्पनी रजिष्ट्रार कार्यालय वा संस्था दर्ता भएको कार्यालयबाट आर्थिक वर्ष २०७५/०७६ को संस्था नविकरण /अध्यावधिक गरेको पत्र ।

(ख) संस्थाको शेयर धनि सञ्चालक समितिको सदस्यहरु सहितको विवरण खुल्ने प्रवन्धपत्र, नियमावली लगायतका कम्पनी रजिष्ट्रार कार्यालयका कागजातहरु ।

(ग) आ.व. २०७४/०७५ सम्मको करचुक्ता प्रमाणपत्र वा कर दाखिलाको प्रमाण पेश गर्नु पर्ने छ ।

(घ) गत शैक्षिक सत्र २०७५/०७६ मा नबिकरण गराएको सक्कल नबिकरण कार्ड र सोको प्रतिलिपी ।

(ङ) संस्थाको ठाउंसारी, नामसारी, कार्यक्रम समायोजन तथा स्वामित्व हस्तान्तरण भएकोमा सो पत्रको प्रतीलिपी पेश गर्नु पर्नेछ ।

(च) परिषद्बाट सम्बन्धन प्राप्त गर्दाको सम्बन्धन/स्वीकृतिपत्र/थप कार्यक्रम/नामसारी समेतको स्वीकृति पत्रको प्रतिलिपी समावेश गर्नु पर्नेछ ।

(छ) छोटो अवधिको तालीम कार्यक्रमको हकमा प्रथम पटक सम्वन्धन/स्वीकृती लिएको दोस्रो आ.व भित्र नै नविकरण गर्नु पर्नेछ ।

(ज) माथि उल्लेखित प्रमाण, कागजात सहित प्राप्त निवेदनहरु उपर जांचबुझ गरी परिषद् कार्यालयको राष्ट्रिय वाणिज्य बैंक, सानोठिमी, भक्तपुरको खाता च.हि.न १७३००००००९०६ मा तोकीएको रकम जम्मा गरी कार्यक्रम नविकरण गर्नु पर्ने छ । प्राविधिक महाशाखाबाट प्राप्त अनुगमन तथा मूल्यांकन प्रतिवेदन समेत लाई आधार मानी भर्नाको लागि परीक्षा नियन्त्रण कार्यालयमा सिफारिस गरिने छ ।

| क्र.सं. | कार्यक्रम | नविकरण शुल्क |
|---|---|---|
| १ | TMIS शुल्क ( प्रति सस्था) | रु. २०००।- |
| २ | छोटो अवधि प्रति कार्यक्रम | रु. १०००।- |
| ३ | प्रा.एस.एल.सी | रु. १००००।- र प्रति थप कार्यक्रम रु. ५०००।- |

**<u>पुनश्चः</u>** परिषद् सूचना तथा अनुसन्धान महाशाखाको TMIS ईकाइमा आवश्यक तथ्यांकहरु उपलव्ध गराए पश्चात नबिकरणको प्रक्रिया सुरुहुने व्यहोरा समेत जानकारी गराइन्छ । थप जानकारीको लागि परिषद कार्यालयको बेवसाइड www.ctevt.org.np मा हेर्नुहुन वा परिषद कार्यालयको न. ०१ ६६३०४०८ मा सम्पर्क गर्नुहुन समेत सूचित गरिन्छ ।

निर्देशक